नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्या:-

च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरूको सन्दर्भमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उपत्यकामा ५,५०७ र उपत्यका बाहिर ७,५०४ गरी जम्मा १३,०११ सिलिण्डर अक्सिजन उत्पादन भइरहेको छ। अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरूको नियमित आपूर्ति भइरहेको साथै मौज्दात प्रयाप्त रहेको छ। संयुक्त बजार अनुगमन टोलीबाट ५ वटा (१ वटा स्वास्थ्य सामग्री फर्म र ४ वटा खाद्यान्न फर्म) को अनुगमन भएको र अनुगमनका क्रममा २ वटा फर्मलाई १२,००० जरिबाना गरिएको छ।

गृह मन्त्रालयका अनुसार ज्येष्ठ २६ गते देशभरका विभिन्न सीमानाकाहरूबाट २,७७८ जना नेपाली नेपाल प्रवेश गरेका विवरण प्राप्त भएको छ। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चितता र नियम पालनाका लागि ज्येष्ठ २६ गते १३३ स्थानमा ६५५ बेडको अनुगमन गरिएको विवरण प्राप्त भएको छ। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन ज्येष्ठ २६ गते १९९ स्थानमा अनुगमन भएको छ। अनुगमनको क्रममा देशभरमा १२,६८० अक्सिजन सिलिण्डर मौज्दात रहेको पाइएको छ। विगत २४ घण्टामा निषेधाज्ञा उलङ्घन गर्ने ४,४२४ सवारीसाधनलाई र मास्क प्रयोग नगरी हिडडुल गर्ने ६,२२४ जनालाई कारवाही गरेको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ४३,०८,३५५ थान मेडिकल उपकरणहरू, १२,२४३ एम.टी.क्यू. अक्सिजन, १,००० भायल्स रेम्डीसिभिर, १२० के.जी. कोभिड-१९ टेस्ट किट र १० के.जी. स्यानिटाइजर लगायतका औषधीहरू पैठारी भएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार गैरआवासीय नेपाली संघ बेल्जियमले २० थान अक्सिजन कन्सन्ट्रेटर नेपाललाई हस्तान्तरण गरेको छ। अमेरिकी सहयोग नियोग यू.एस.एड ले फेमिलि हेल्थ ईन्टरनेसनल सँगको सहकार्यमा ६५,००० एन्टिजेन टेस्ट किट सहयोग गरेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ४३ आन्तरिक उडान भरी २५५ यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या २३ रहेको जनाइएको छ।

२०७८/०२/२७

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np